का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ साउन २०८१,
शनिबार
20 July 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक १५८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सुजाताको साथ शेखरलाई

डा. शेखर कोइरालाले आफू महाधिवेशन केन्द्रित भएको सन्देश नेता/कार्यकर्तालाई दिएका छन् । यसको पूर्वतयारीमा उनले भेटवार्तालाई तीव्र बनाएका छन् भने सुजाता कोइरालाको साथ लिएका छन् ।





"डा. शेखरले लिएको लिडरसीपलाई मेरो समर्थन छ । यही ठाउँमा शशांकलाई पनि ल्याउँछौं र ल्याउनुपर्छ ।"
■ सुजाता कोइराला

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ साउन

नेपाली कांग्रेसमा संस्थापन इत्तरको खेमामा रहँदै आएका डा.शेखर कोइरालाले आफू महाधिवेशन केन्द्रित भएको सन्देश दिएका छन् । विगतमा एउटै क्याम्पमा नरहेकी बहिनी सुजाता कोइरालाको साथ शेखरलाई मिलेको छ ।

यसको घोषणा शुक्रबार गर्दै उनले समयमै महाधिवेशन हुनेका आशंका गरे । नेताहरुका अनुसार सुजाताको साथ लिएर शेखरले महाधिवेशन केन्द्रित अभिव्यक्ति दिएर आफू कता हिँडेको सन्देश नेता/कार्यकर्तालाई दिएका हुन् ।

पार्टी सभापतिको तयारीका रहेका शेखरले कांग्रेसमा छिन्नभिन्न भएको कोइराला परिवारलाई एकजुट गराउने प्रयास सुरु गरेका हुन् । त्यसक्रममा केन्द्रीय सदस्य सुजाता कोइरालाले पार्टी सभापतिमा शेखर कोइरालालाई समर्थन गर्ने घोषणा गरेकी हुन् ।

१४औं महाधिवेशनमा कोइराला परिवारका तीन सदस्य (डा. शेखर, शशांक र सुजाता) अलगअलग भएका थिए । लामो समय साझा उम्मेदवार दिने बताएका उनीहरू पछि तीनतिर भएका थिए । डा. शेखरले सभापतिमा उम्मेदवारी दिँदा सुजाता प्रकाशमान सिंहको प्यानलबाट उपसभापतिको उम्मेदवारी बनिन् भने केन्द्रीय सदस्य मात्र लडेका शशांकले पनि समर्थन गरेनन् ।

त्यसयता कोइराला परिवारका तीन सदस्य एकठाउँमा देखिएका छैनन् । तर १५औं महाधिवेशनमा सभापति लड्ने तयारीमा रहेका डा. शेखरले भाइ बहिनीको साथ खोजेका हुन् ।

त्यसक्रममा सुजाता शुक्रबार डा. शेखरको सम्पर्क कार्यालयमा पुगिन् । उनले अब कोइराला परिवार एक ढिक्का हुने बताइन् । डा. शेखरले लिएको लिडरसिपलाई आफूले समर्थन गर्ने भन्दै उनले भनिन्, यही ठाउँमा शशांकलाई पनि ल्याउँछौं र ल्याउनुपर्छ ।' डा. शेखरले पनि कोइराला परिवार एक हुने बताए ।

'१५औं महाधिवेशन आउन थाल्यो, त्यसलाई ध्यान दिएर अगाडि बढ्नुस्' समर्थकलाई एक हुन आग्रह गरेका उनले भने, 'मेरो सुजाताजीसँग पहिले पनि कुराकानी भइरहेको छ, हामी एकै ठाउँमा छौं । पहिले पनि उभिएका थियौं, कहिले काँही तलमाथि हुन्छ । त्यो मिलाउने जिम्मा हाम्रो हो ।'

ठीक यही बेला डा. शेखरले १५ औं महाधिवेशन नियमित समयमा हुनेमा शंका व्यक्त गरेका हुन् । कांग्रेस महानगर समितिका सभापतिहरुसँग काठमाडौंमा भएको छलफलमा नेता कोइरालाले उक्त आशंका गरेका हुन् ।

कोइरालाले भेटघाटमा पार्टी नेतृत्व र पदाधिकारीहरुको कार्यशैली हेर्दा तोकिएको समयमा १५ औं महाधिवेशन हुनेमा शंका व्यक्त गरे । तोकिएको समयमा महाधिवेशन नभए >>> पृष्ठ २ मा

# फुटपाथ विस्तारविरुद्ध प्रदर्शन

## न्यूरोडमा तनाव, मेयर बालेनको पुत्ला दहन

काठमाडौं महानगरपालिकाले न्यूरोड क्षेत्रलाई पैदलमैत्री बनाउन खोजेको छ । त्यसका लागि गत जेठ ११ गतेदेखि काम शुरु गरेको थियो । अदालतले रोक्न आदेश दिएपछि रोकिएको काम फुकुवा भएसँगै अगाडि बढाउन खोज्दा स्थानीय व्यावसायीहरुले अवरोध गरेका हुन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ साउन

काठमाडौं महागरपालिका वडा नम्बर २२ का स्थानीयले फुटपाथ विस्तार गर्न लागेको विरोधमा विरोध गरेका छन् । त्यसक्रममा प्रदर्शनकारीले मेयर बालेन शाहको पुत्ला जलाएका छन् ।

महानगरले न्यूरोड क्षेत्रमा फुटपाथ विस्तार गर्न लागेको विरोधमा उनीहरुले मेयर शाहको पुत्ला जलाएका हुन् । स्थानीयको विरोधका कारण शुक्रबार दिनभर न्यूरोड क्षेत्रको अवस्था तनावपूर्ण बनेको थियो ।

उच्च अदालत, पाटनले फुटपाथ विस्तारको बाटो खोलिदिएपछि महानगरपालिकाले बुधबारदेखि पुनः काम सुरु गरेको थियो । उच्च अदालत पाटनका न्यायाधीश ध्रुवराज नन्द र प्रकाश खरेलको संयुक्त इजलासले न्यूरोडमा फुटपाथ विस्तार रोक्ने गरी डिभिजन सडक कार्यालयले काठमाडौं महानगरपालिकालाई लेखेको पत्र कार्यान्वयन नगर्न आदेश दिएको थियो ।



शुक्रबार बिहानैबाट काठमाडौं महानगरपालिकाले फुटपाथ विस्तारको काम थाले पनि स्थानीय र व्यवसायीहरुले विरोध गरेका हुन् । न्यूरोडमा फुटपाथ विस्तार गर्ने काममा व्यवसायीहरूले अवरोध पुऱ्याउँदा वडा अध्यक्षले नै नेतृत्व गरेका थिए ।

काठमाडौं महानगरपालिकाले न्यूरोडस्थित जुद्ध शालिक देखि इन्द्रचोकसम्मको फुटपाथ विस्तार गर्ने काम अगाडि बढाएको हो । तर न्यूरोडका व्यवसायी र महानगरको >>> पृष्ठ २ मा

# दबाबमा कुलमान

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

बिगत १० वर्षदेखि कायम रहेको डेडिकेटेड र ट्रंक लाइन विद्युत बापतको बक्यौता विवाद अझै कायम छ । डेडिकेटेड र ट्रंक लाइनको २२ अर्ब २४ करोड रुपैयाँ बक्यौता असुलीको विषय विवादित बन्दा नेपाल विद्युत प्राधिकरणले असारको २५ गते तीन उद्योगमा लाइन काटिदिएको थियो ।

प्राधिकरणले गत असार १० गते १५ दिनको समय तोकेर पैसा तिर्न भन्दै ६१ उद्योगलाई पत्र काटेको थियो प्राधिकरणले रिलायन्स स्पिनिङ मिल्सले सवा ६० करोड, घोराही सिमेन्टबाट साढे ४० करोड र अर्घाखाँची सिमेन्टले पौने ३६ करोड बक्यौता बाँकी रहेको भन्दै लाइन काटिदिएको थियो ।

> नेपाल विद्युत प्राधिकरणका निर्देशक कुलमान घिसिङले असार २५ गते डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता नतिरेको भन्दै ठूला तीन उद्योगको लाइन काटिदिए । प्रचण्ड नेतृत्वको सरकार आडमा लाइन काटेका घिसिङले नयाँ सरकार आएसँगै उद्योगीको लाइन जोड्न बाध्य भएका छन् ।

तर प्राधिकरणले लाइन काटिदिएपछि अन्य बक्यौता तिर्न बाँकी रहेको उद्योगहरुले तीन उद्योगलाई साथ दिदै प्रधानन्त्रीमा ओली नियुक्त भएकै दिन ५९ भन्दा बढी उद्योगीले आफै बिजुली काटेर दवाब सृजना गरेका थिए ।

बिद्युत लाईन काटेसंगै सरकार परिवर्तन हुदाँ प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नयाँ सरकारको दवाबमा परेका छन् । डेडिकेटेड र ट्रंक लाइनको महसुल विवादका सम्बन्धमा छानबीन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्रलाल नेतृत्वको 'विद्युत महसुल विवाद समाधान जाँचबुझ आयोग, २०८०' ले दिएको सुझावबाहिर >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विभागले ठगी देख्यो, ठग देखेन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन

वैदेशिक रोजगार विभागले इजरायलमा वृद्धवृद्धालाई स्याहार गर्ने दीर्घकालीन स्याहार केन्द्र केयरगिभरमा पठाइदिने भन्दै विभिन्न संस्था र व्यक्तिले रकम उठाएको सूचना आएको बताएको छ । विभागले गत असारमा जीटुजी अर्थात सरकारी प्रक्रियाले छनोट गरेर पठाउने भन्दै इजरायलको केयरगिभरको रोजगारीका लागि दरखास्त आह्वान गरेको थियो ।

विभागले नेपाली कामदारको आकर्षक श्रम गन्तव्य इजरायलबाट आठ सय नेपाली कामदारको माग आएको सूचना प्रकाशित गरेको थियो । सूचनाअनुसार इच्छुकले तीन हप्ताभित्र अनलाइन आवेदन दिइसकेका छन् ।

यसपटक ५ सय जना मुख्य उम्मेदवार र ३ सय जना वैकल्पिक उम्मेदवार छनोट हुनेछन् । ८ सयमध्ये ६० प्रतिशत अर्थात ४ सय ८० महिला र ४० प्रतिशत अर्थात ३ सय २० जना पुरूष छनोट हुनेछन् । इजरायलमा नेपाली केयरगिभरको तलब २ लाख १० हजार छ भने शुरुवातमा करार अवधि १ वर्षको भए पनि करार अवधि थपेर ५ वर्षसम्म इजरायल बस्न पाइने भएकाले खाडी तथा मलेसियाको तुलनामा उक्त मुलुकको रोजगारीमा अत्यधिक आकर्षण देखिने गरेको छ ।




आवेदकमध्ये अधिकांशले हाल राजधानीमा रहेका विभिन्न इन्स्टिच्युटमा अंग्रेजी र हिब्रु भाषाको कक्षा लिइरहेका छन् । कतिपय इन्स्टिच्युट सञ्चालकले विभागका अधिकृतहरूको नाम जोडेर इजरायलको रोजगारी पक्का भन्दै मोटो रकम उठाएको चर्चा विभागमा छ ।

विभागले छनोट प्रक्रिया योग्यतामा आधारित पूर्णतः निष्पक्ष हुने भन्दै पास गराउने वा इजरायल पठाउने भन्दै रकम माग गर्नेहरूका विरूद्ध विभाग वा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कल सेन्टरमा उजुरी दिनपनि आग्रह गरेको छ । विभागले विभिन्न व्यक्ति र संस्थाले रकम उठाएको विज्ञप्तिमार्फत सार्वजनिक गरेपनि उनीहरूमाथि कानूनी कारबाही भए-नभएको बारे केही बताएको छैन ।

केयरगिभरमा इजरायल जान २५ वर्ष पूरा भइ ४५ वर्ष ननाघेका, १.५ मिटर उचाई, कम्तीमा ४५ केजी तौल भएका, १० कक्षा पास गरी अ.न.मी. वा सि.एम.ए. सम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा कक्षा १२ वा सो सरहको शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङसम्बन्धी कम्तीमा ३ महिनाको तालिम प्राप्त गरेका युवायुवती योग्य मानिएका छन् ।

# कांग्रेस र एमालेले माग्यो उपसभामुखको राजीनामा

**शिव विक/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेले उपसभामुख इन्दिरा रानाको राजीनामा मागेका छन् । दुवै दलका नेताहरुले राजीनामा दिन उपसभामुख रानाकहाँ सन्देश पठाएका छन् ।

शुक्रबार सभामुख देवराज घिमिरिसहित बसेको प्रतिनिधि सभाको कार्य व्यवस्था परामर्श समितिको बैठकमा समेत उपसभामुखमाथि गम्भीर प्रश्न उठेको भन्दै सांसदहरुले आपत्रि जनाएका थिए ।

उपसभामुख इन्दिरा रानाले आफ्नो पदको लेटरहेडमा अमेरिकी दूतावासलाई चिठी लेखेको भन्दै कांग्रेसका सांसद रामहरि खतिवडाले कार्य व्यवस्था परामर्श समितिको बैठकमै उपसभामुख रानाको राजीनामा मागे । संसदसँग गैरसम्बन्धित पाँच व्यक्तिको अन्तर्वार्ता मिलाइदिन एक वर्षअघि गरेको आग्रहबारे सूचना चुहिएपछि रानामाथि प्रश्न उठेको हो ।

शुक्रबार बसेको कार्यव्यवस्था समिति बैठकमा सभामुख घिमिरे, उपसभामुख राना, कानुनमन्त्री अजय चौरसिया लगायत उपस्थित थिए । उक्त छलफलमा राज्यव्यवस्था तथा सुशासन समिति सभापति समेत रहेका कांग्रेस सांसद रामहरी खतिवडाले रानालाई मानव तस्करहरुले दुरुपयोग गरेको देखिन आएको भन्दै राजीनामा मागेका हुन् ।

उपसभामुखजस्तो गरिमामय पदमा बसेको व्यक्तिलाई मानव तस्करहरुले दुरुपयोग गर्दै पैसा लिएर मान्छे विदेश पठाउन खोजेको आरोप लाग्नु गम्भीर भएको उनले बताइन् । यसमा सभामुखले ध्यान दिनुपर्ने उनको सुझाव छ । छलफलमा खतिवडाले भनेका छन्, 'यति गम्भीर प्रश्न उठिसकेपछि उपसभामुखज्यूले राजीनामा दिएर नैतिकता देखाउनुपर्छ कि पर्दैन ?'

खतिवडाले यसअघिको सरकारमा रहने विभिन्न पदाधिकारीले सुशासन निर्माणका लागि अनियमितता र गलत काममा फाइल खोल्ने भनी बोल्दै आए पनि यति गम्भीर विषयमा भने मौन रहन खोजेको आरोप पनि लगाए ।

आफूमाथि लक्षित गर्दै खतिवडाले पटक पटक प्रश्न गरेपछि सभामुख घिमिरेले यसबारे उपसभामुख रानासँग अलग्गै छलफल गर्ने आश्वासन दिए ।

सभामुख घिमिरेले यसअघि नै उपसभामुख रानासँग छलफल गरिसकेका छन् । >>> पृष्ठ २ मा

# विपद्‌का बेला सक्रियता बढाउन गृहमन्त्री लेखकको निर्देशन



**काठमाडौं/मस**-गृहमन्त्री रमेश लेखकले मनसुनजन्य विपद्‌का बेला आफ्नो सक्रियता बढाउन प्रमुख जिल्ला अधिकारीहरु तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुलाई निर्देशन दिएका छन् ।

‘भर्चुअल’ माध्यमबाट शुक्रबार उनले ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीलाई मनसुनजन्य विपद्‌बाट प्रभावित भएका नागरिकलाई राहत दिन तथा उद्धार गर्न राज्यका तर्फबाट कुनै कसर बाँकी नराखी काम गर्न निर्देशन दिए ।

गृहमन्त्री लेखकले सीमित स्रोतसाधनका बाबजुद पनि विपद् व्यवस्थापनमा धेरै काम गर्नुपरेको उल्लेख गरे । उनले भने, ‘राज्य छ भन्ने अनुभूति दिने काम प्रमुख जिल्ला अधिकारीलगायत सुरक्षा निकायको हो, अनुभूति हुने ढङ्गले काम गर्नुपर्छ ।’ विपद् व्यवस्थापन गर्न आवश्यक प्रविधिको उपलब्धताका लागि मन्त्रालयले पहल गरिरहेको उनको भनाइ थियो ।

विपद् व्यवस्थापनका साथै जिल्लाको शान्तिसुरक्षा, लागुऔषध नियन्त्रण, आपराधिक गतिविधि नियन्त्रणलगायत विषयमा सक्रिय हुन मन्त्री लेखकले सो अवसरमा निर्देशन दिए ।

‘वर्षातबाट उत्पन्न जटिल परिस्थितिका कारण ७७ वटै जिल्ला प्रभावित भएका छन्, विपद्‌को सामना तथा जनधनको क्षति न्यूनीकरणका लागि तीनवटै (संघ, प्रदेश र स्थानीय) तहबीच समन्वय आवश्यक छ, संघीय सरकारका तर्फबाट पहल गर्ने काम प्रमुख जिल्ला अधिकारी हो’ उनले भने ।

अवाञ्छनीय गतिविधि तथा भ्रष्टाचार गर्ने छुट कसैलाई पनि नभएको मन्त्री लेखकको भनाइ थियो ।

भर्चुअल बैठकमा गृहसचिव एकनारायण अर्यालले विपद्‌को सुरुआती दिनमै यस पटक देशभर धेरै जनधनको क्षति भएको बताए ।

‘विपद् व्यवस्थापन, राहत तथा उद्धारमा स्थानीय तहलाई केन्द्रविन्दुमा राखेर काम गर्न आग्रह गर्दछु’, उनले भने, ‘मनसुनजन्य विपद्मा बेपत्ता भएका नागरिकका आफन्तलाई मृतक सरह राहत रकम उपलब्ध गराउने सरकारले निर्णय गरेको छ ।’

गृहसचिव अर्यालले बाढी-पहिरोबाट पीडित परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि समन्वय गर्न प्रजिअ तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीलाई निर्देशन दिए ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको सतर्कताका कारण क्षति कम भएको उल्लेख गर्दै उनले जोखिम भएको क्षेत्रमा रात्रिबस सञ्चालन रोक्ने विषयमा यातायात व्यवसायीसँग समन्वय गरी कार्यान्वयन गर्न निर्देशन दिए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखेलले विपद्‌का क्रममा विभिन्न प्रभावित जिल्लाका एक हजार चार सय परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको जानकारी दिए ।

‘क्षति/नोक्सानीको लगत संकलन गरेर विस्तृत प्रतिवेदन तयार गर्ने काममा अग्रसर छौँ’, उनले भने ।

भर्चुअल बैठकमा ७७ वटै जिल्लाका प्रजिअ तथा सुरक्षा समितिका पदाधिकारी सहभागी रहेका थिए । सो अवसरमा प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले विपद्‌पछिको जिल्लाको वस्तुस्थितिबारे जानकारी गराएका थिए । बैठकमा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर र सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्यालगायतको सहभागिता रहेको थियो ।

# दलित समुदायका पत्रकारलाई चौतर्फी चुनौती




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ साउन

दलित समुदायका पत्रकारहरूले आफूहरूलाई पत्रकारितामार्फत अघि बढ्न चौतर्फी चुनौती पार गर्नुपर्ने बाध्यता रहेको बताएका छन् ।

उसै त आर्थिक अवस्था कमजोर रहेको परिवेशमा जातीय भेदभाव तथा छुवाछुत जस्ता समस्याले पेशा गर्न बाधा पुऱ्याएको उनीहरूको दाबी छ । दलित समुदायका व्यक्तिलाई पत्रकार नै नमान्ने गैरदलित चलनका कारण पनि यो पेशामा टिक्न गाह्रो भएको उनीहरूको भनाइ छ ।

युएसएआइडी नेपालको आर्थिक, द एसिया फाउन्डेसनको कार्यान्वयन र दलित सरोकार मञ्च नेपालको प्राविधिक सहयोगमा मधेश प्रदेशमा सञ्चालित युएसएआइडी सिभिक सोसाइटी एण्ड मिडिया एक्टिभिटी अन्तर्गत दलित समुदायका नागरिक समाज, जनप्रतिनिधि र पत्रकारहरूको सञ्जाल निर्माण र परिचालन परियोजनाअन्तर्गत दलित पत्रकार संञ्जालका पदाधिकारीहरूका लागि आयोजित २ दिने क्षमता विकास तालिममा सहभागीहरूले यस्तो धारणा व्यक्त गरेका हुन् ।

तालिमका सहभागीहरूले आफूहरूलाई स्थानीय सरकारले समेत क्षमता विकासका लागि कुनै सहयोग नगरेको, उल्टै पत्रकारका रूपमा जाँदा पनि विभेद गर्ने गरेको र सूचना दिनसमेत नमान्ने परिपाटी विकास हुँदै गएको गुनासो पनि गरे ।

क्षमता अभावका साथै कम्प्युटर, मोबाइल, क्यामेरा जस्ता पत्रकारिताका लागि आवश्यक सामग्रीमेत नहुँदा गैरदलित पत्रकार सरह काम गर्न नसकिएको भनाई पनि उनीहरूको थियो ।

तालिमका क्रममा सहभागीहरूले मधेश प्रदेश सरकारले जारी गरेको दलित सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ र त्यसमा उल्लिखित प्रावधानहरू पालिकाहरूले नै पालना नगरेको जस्ता सवाल उठाएका थिए ।

साथै अहिले पनि जातीय विभेदका घटना दोहोरिइरहेका र कानूनको कार्यान्वयन प्रभावकारी नभएको विषयमा पनि उनीहरूले रिपोर्टिङ गर्नुपर्ने आवश्यकता महसुस भएको उल्लेख गरे ।

तालिमका अवसरमा मधेश प्रदेशका ८ वटै जिल्लाका दलित पत्रकार सञ्जालका पदाधिकारीहरूले आफूहरूबीच एकातिर पत्रकार क्षमता विकासको अवसर पहिल्याउनुपर्ने बाध्यता छ भने अर्कोतिर आफ्नो समुदायका उत्पीडनका घटना पनि उजागर गनुपर्ने दायित्य छ भन्दै थपे‘ आफूहरू नै अभाव र पीडाबाट गुज्रिरहेका बेला एकैपटक २ वटा जिम्मेवारी पूरा गर्न निकै कठिनाई भोग्नुपरेको छ ।’

तालिमका क्रममा प्रशिक्षक डा.विजयप्रसाद मिश्रले पत्रकारले आफ्नो क्षमता वृद्धिका लागि अपनाउनुपर्ने क्रियाशीलता र त्यसले पेसालाई सहज तुल्याउन गर्ने मद्दतबारे जानकारी गराएका थिए । त्यस क्रममा मिश्रले दलित समुदायका पत्रकारको सबल र दुर्बल पक्ष अनि चुनौतीहरू निक्योंल गर्दै यसलाई कसरी अवसरमा बदल्ने भन्नेबारे सुझाएका थिए ।

अर्का प्रशिक्षक पत्रकार रघुनाथ लामिछानेले लेखन पत्रकारिताका माध्यमबाट दलित समुदायका समस्या पहिचान गर्ने, एङ्गलिङ गर्ने, त्यसलाई प्रस्तुत गर्ने तरिकाबारे बताएका थिए । साथै उनले सत्यतथ्य, सन्तुलित र विश्वसनीय पत्रकारिताले मात्र पत्रकारको वास्तविक सुरक्षा गर्न सक्ने भएकाले यो पक्षलाई जस्तै प्रतिकूल अवस्थामा पनि छाड्न नहुने सुझाव दिएका थिए ।

आयोजक संस्था दलित सरोकार मञ्च, नेपालका कार्यकारी निर्देशक भोला पासवानले पालिकाको योजना तर्जुमा, बजेट निर्माण, स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समिति निर्माण र प्रभावकारी बनाउने जस्ता क्षेत्रमा क्रियाशील तुल्याउन दलित पत्रकार सञ्जालका पदाधिकारीलाई यस्तो क्षमता विकास तालिम कार्यक्रम आयोजना गरिएको जानकारी दिए । खासगरी दलित कार्यपालिका सदस्य, राजनीतिक दलका दलित भातृ संगठनका पदाधिकारी, दलित समुदायका अगुवा पत्रकार र दलित नागरिक समाजका पदाधिकारीहरूलाई सक्रिय तुल्याइ सहकार्य गराउनु आफ्नो संस्थाको मुख्य उद्देश्य रहेको जानकारी गराए ।

# राहत शिक्षकलाई दुई विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ४ साउन

रौतहट फतुवा विजयपुर नगरपालिकाको दुई विद्यालयको प्रधानाध्यापकको जिम्मा एक राहत शिक्षकलाई दिइएको पाइएको छ । आर्थिक चलखेलको आधारमा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले स्थायी शिक्षक हुँदाहुँदै राहत शिक्षक सुबोध यादवलाई दुईवटा विद्यालयको प्रधानाध्यापक जिम्मा दिएको आरोप लागेको छ ।

प्रमुख प्रशासकीय अधिकृत प्रधानले सरस्वती प्राथमिक विद्यालय विजयपुरका



प्रधानाध्यापक राहत शिक्षक सुवोध यादवलाई २०८० साल माघ २९ गतेदेखि प्राथमिक विद्यालय सन्तपुर दोस्तियाका पनि आर्थिक प्रशासनिक समेत हेर्ने गरी जिम्मेवारी दिएपछि आलोचित भएका छन् ।

नगरपालिकाको चलानी नम्बर ८८८ को पत्रअनुसार उक्त दुवै विद्यालयका प्रधानाध्यापक रहेका यादवसँग सोध्दा आफुले पाएको जिम्मेवारी अनुसार दुवै विद्यालयलाई मिलाएर समय दिँदै आएको बताए ।

सो नगरपालिकाका शिक्षा संयोजक मुकेश साहले प्राथमिक विद्यालय सन्तपुर दोस्तियामा स्थायी शिक्षक हुँदाहुँदै राहतको शिक्षकलाई कसरी प्रधानाध्यापक बनाइयो आफुलाई जानकारी नरहेको बताए ।

सो नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रधानसँग यसबारे जानकारी लिँन खोज्दा सम्पर्क हुन सकेन ।

शिक्षा विकास तथा समन्वय इकाई रौतहटका प्रमुख राम विनय कुमार सिंहले फतुवा विजयपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रधानले आफै जस्तै जिल्लालाई बनाउन खोजेको आरोप लगाए ।

कटहरीया र फतुवा विजयपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रधान भए जस्तै यादव पनि दुईवटा विद्यालयको प्रधानाध्यापक हुन पाएको इकाई प्रमुख सिंहले बताए ।

# एसिया फाउण्डेशनद्वारा जनसांख्यिक प्रतिवेदन हस्तान्तरण

**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, ४ साउन

एसिया फाउण्डेशनद्वारा आयोजित राष्ट्रिय जनगणना २०७८ अनुसारको जनसांख्यिक प्रतिवेदन हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ । प्रतिवेदनमा वीरगञ्ज महानगर पालिकाको कुल जनसंख्या, जनसंख्या वृद्धिदर, उमेर अनुसारको जनसंख्या, वडा अनुसारको जनसंख्या वितरण, र महानगरका बासिन्दाले प्रयोग गर्ने घरायसी सुविधाहरूको विवरण समेटिएको छ ।

जसमा टेलिभिजन, रेडियो, मोबाइल फोन आदिको प्रयोगसम्बन्धी जानकारी पनि समावेश गरिएको थियो। साथै सो प्रतिवेदनमा विदेश गएको जनसंख्या, महिला घरमुली, साक्षरताको अवस्था, विवाह, अपाङ्गता, र आश्रित जनसंख्याका विषय पनि समेटिएका छन्। जसबाट महानगरको वर्तमान अवस्था बुझ्न सजिलो हुने बताइएको छ ।

उक्त कार्यक्रमको प्रमुख अतिथि वीरगञ्ज महानगर पालिकाका उपप्रमुख इम्तियाज आलम रहेका थिए ।

उपप्रमुख आलमले एसिया फाउण्डेशनलाई धन्यवाद दिँदै भने,‘यस्तो राम्रो र सूचनामूलक कार्यक्रमको आयोजना गरेको छ । यो महानगरमा आवश्यक पनि छ । हामीले चाहेको सहयोग सम्बन्धित ठाउँमा पुऱ्याउन सजिलो पनि हुन्छ । महानगरभित्र कसको घरमा कति व्यक्ति र घरको हालतको बारेमा सजिलो थाहा पनि हुन्छ ।’ यस प्रतिवेदनले वीरगञ्ज महानगर पालिकाको विकास र योजनाहरूको लागि महत्वपूर्ण दस्तावेजको रूपमा कार्य गर्ने अपेक्षा गरिएको छ । सो कार्यक्रम मा महानगरका शिक्षा महाशाखाका प्रमुख अर्बिन्दलाल कर्ण, महानगर वडा नं.१ का वडा अध्यक्ष मनोज राउत कुर्मी, वडा नं.२ का वडा अध्यक्ष रेयाज मिया, वडा नं.३ का बैजु स्ववर्णकार लगायत विभिन्न वडाका वडा अध्यक्ष, विभिन्न शाखाका शाखा प्रमुखहरू लगायतको सहभागिता रहेको थियो ।

# अझै फेला परेनन् जाजरकोट स्यालीखोलाबाट बेपत्ता महेन्द्र

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ४ साउन

जाजरकोटमा खोलाले बगाउँदा बेपत्ता भएका बालक अझै फेला पर्न सकेका छैनन् । बिहीबार दिउँसो तीन बजेको समयमा बारेकोट गाउँपालिका-३ बुढागाउँ बस्ने भक्तबहादुर बुढाका १३ वर्षीय छोरा महेन्द्र बुढा गाइवस्तु चराउन गएको बेलामा स्याली खोलाले बगाउँदा बेपत्ता भएका थिए । तर उनी अझै फेला पर्न नसकेको जिल्ला प्रहरी कार्यालय जाजरकोटले जनाएको छ । ‘निरन्तर बारेकोटमा पानी परिरहेको छ । त्यसले गर्दा खोजिकार्यमा केही समस्या भएको छ’ जिल्ला प्रहरी कार्यालय जाजरकोटको प्रहरी नायव उपरीक्षक (डिएसपी) पुरुषोत्तम पाण्डेले मध्यान्हसँग भने ‘तर पनि हामीले खोजिकार्य जारी राखेका छौं ।’

## सुजाताको ...

पार्टी धरासयी हुने र त्यसको असर आगामी निर्वाचनहरुमा पर्ने भएकाले त्यसका लागि चनाखो हुन कोइरालाको महानगर सभापतिहरुसँग आग्रह गरे ।

कांग्रेसको १५औं महाधिवेशन नियमित समयमा गर्दा २०८२ को मंसिरमा हुनुपर्दछ । ६ महानगरका सभापतिले आफूहरुको पार्टी मर्यादाक्रम नमिलेको र विधानले कुनै अधिकार नदिएको गुनासो उनलाई राखेका थिए ।

कोइरालालाई भेट्न महानगरका सभापतिहरुमा काठमाडौंका निलकाजी शाक्य, ललितपुरका शुभानन्द धाख्वा, भरतपुरका चित्रसेन अधिकारी विराटनगरका दिपक चापागाईं र वीरगञ्जका मनिन्द्र नेपाली पुगेका थिए ।

अर्थात् डा. शेखर कोइरालाले आफू महाधिवेशन केन्द्रित भएको सन्देश नेता/कार्यकर्तालाई दिएका छन् । यसका लागि उनी सुजाता कोइराला, शशांक कोइरालासँग एक जुट हुँदै देश दौडाह गर्दैछन् । यसको पूर्व तयारीमा उनले संघीय राजधानी काठमाडौंमा भेटवार्तालाई तीव्रता दिएका छन् ।

## फुटपाथ...

वडा नम्बर २२ का वडाध्यक्ष चिनिकाजी महर्जन लगायतले त्यसको विरोध गर्दै आएका छन् ।

त्यसक्रममा केही बेर दुईपक्षबीच धकेलाधकेल समेत भएको हो । वडाध्यक्ष महर्जनले डोजरमाथि नै चढेर विरोध जनाएका थिए । दुई पक्ष आमनेसामने भएपछि सम्भावित दुर्घटना टार्नका लागि जिल्ला प्रहरी परिसर काठमाडौंबाट प्रहरी परिचालन गरिएको थियो । महानगरले न्यूरोड क्षेत्रलाई पैदलमैत्री बनाउन खोजेको छ । त्यसका लागि गत जेठ ११ गतेदेखि काम सुरू गरेको थियो ।

तर डिभिजन सडक कार्यालय काठमाडौंले काम रोक्न जेठ १३ र १६ गते गरी दुइटा पत्र पठायो । डिभिजनले पठाएको पत्रविरूद्ध महानगरले जेठ २७ गते उच्च अदालत पाटनमा रिट दिएको थियो ।

रिट निवेदनमा महानगरले आफ्नो क्षेत्रभित्रको वडा नम्बर २२, २३ र २४ अन्तर्गत पर्ने न्यूरोड क्षेत्रमा फुटपाथ विस्तार गर्ने योजना अनुरूपको कार्य सञ्चालन गर्न पाउनुपर्ने अन्तरिम आदेश माग गरेको थियो । त्यसअनुसार आदेश पाएपछि महानगर फुटपाथ विस्तारमा लागेको हो ।

## दवाबमा...

गएर घिसिङले उद्योगहरूमा लाइन काटेका थिए ।

अघिल्लो सरकारको साथमा उद्योगीबाट लिन पर्ने २२ अर्ब २४ करोड रुपैयाँ बक्यौता उठाउन लागेका घिसिङ सरकार प्रतिवर्तनपछि दवाबमा परेका छन् । उद्योगीहरुको नयाँ सरकारसंग लविङ गरेर विद्युत लाइन जोडन बाध्य बनाएका छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङसहित ऊर्जामन्त्री दीपक खड्का र उद्योगी व्यवसायीका प्रतिनिधिसँग शुक्रबार भएको छलफलमा प्रधानमन्त्री ओलीले लाइन काटिएका उद्योगमा तत्काल लाइन जोड्न निर्देशन दिएका हुन् ।

तर घिसिङले पुनः लाइन जोड्न विभिन्न प्रक्रियाहरू पूरा गर्नुपर्ने प्रधानमन्त्रीसहितको छलफलमा घिकसिङले बताएका थिए । उद्योगीहरु भने प्राधिकरणले बिना प्रमाण बिल पठाएको भन्दै बक्यौता नतिर्ने बताउँदै आएका छन् ।

## कांग्रेस...

तर, संसद सचिवालयले कुनै थप केही भनेको छैन । बरु उपसभामुख रानाले आफूले संघीय संसद् र उपसभामुख पदको गरिमामा आँच आउने कुनै काम नगरेको बताएकी छन् ।

आफूले करुणाभावले सहयोग गर्न खोजेको विषयलाई झण्डै डेढ वर्षपछि विवादित गराउन खोज्नु आफूविरुद्ध नियोजित कदम भएको उनको दाबी छ ।

उपसभामुख भएको अर्को महिना नै अमेरिका गएकी उपसभामुख रानामाथि अनधिकृत व्यक्तिहरू लैजान खोजेको आरोप लागेको छ । आफूसँगै पाँच जना कार्यक्रममा जाने लागेको भन्दै उनले भिसाका लागि काठमाडौंस्थित अमेरिकी दूतावासले लिने अन्तर्वार्ताको मिति सारिदिन पत्र लेखेको खुलेको छ । दूतावासलाई लेखेको पत्रले हालसालै उपसभामुख रानामाथि प्रश्न उठेको छ ।

शुक्रबार विज्ञप्ति जारी गर्दै उपसभामुख रानाले आफूले कार्यक्रममा सहभागी हुन निमन्त्रण आएकाहरूलाई अन्तर्वार्ताको मिति लिइदिन पत्र लेखेको स्वीकार गरेकी छन् ।

तर आफूले भिसाका लागि अनुरोध नगरेको भन्दै उनले भनेकी छन्, ‘कसैलाई भिसा दिने वा नदिने स्वत: निर्णय राजदूतावासले आफ्नो नीति र प्रक्रिया बमोजिम गर्ने नै हुन्छ । मैले कसैको भिसाका लागि अनुरोध गरेको छैन, होइन ।’

आफूले लेखेको पत्र मर्यादा अनुरुप भएन भनेर आएको प्रतिक्रियाप्रति आफ्नो ध्यानाकर्षण भएको उनले बताएकी छन् ।

आफूलाई माया र सद्भाव राखेर सचेत गराउन खोज्नेहरूप्रति कृतज्ञता व्यक्त गर्दै उपसभामुख रानाले भनेकी छन्, ‘तर मैले करुणाभावले सहयोग गर्न खोजेको विषयलाई उक्त पत्र लेखेको झण्डै डेढ वर्षपछि विवादित गराउन खोज्नु मविरुद्ध नियोजित कदम रहेको देखिन्छ ।’

आफ्नो स्वभावगत कमजोरीको कसैले फाइदा लिएको हुन सक्ने तर, आफूले अनैतिक काम नगरेको उनले बताएकी छन् । ‘मेरो स्वभावगत कमजोरी धेरै होलान्, त्यसबाट फाइदा उठाउने पनि धेरै होलान्, तर अनैतिक कार्य मबाट भएको छैन, हुने छैन’ उपसभामुख रानाले आफ्नो विज्ञप्तिमा भनेकी छन्, ‘आज जीवनबाट राजनीतिमा आइपुग्दा मैले दशकौं लगाएर आर्जन गरेको प्रतिष्ठा र सेवामा समर्पित सार्वजनिक जीवनमाथि लान्छना लगाउने कुत्सित प्रयासबाट कत्ति पनि बिचलित नभई म नेपाल र नेपालीको सेवामा निरन्तर लागिरहने जानकारी गराउन चाहन्छु ।’

**कतारमा रोजगार** | कम्पनी: CALISTO GLASS AND TRADING WLL
शहर : Doha
पुर्व स्वीकृत मिति: २०८१/04/03 चलानी नं.: ६०२२२४३० LT. No.: 307640

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Executive Sales | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2100 | ७६,९०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labour | 2 | 0 | | 1000 | ३६,६२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १२ गते (27 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com
Phone No : 9823837020 | 9819779867 | 9851189627
9761885190 | 9863068268 | 9806754558 | 9841723745 | 9856065197

**Cyprus मा रोजगारको अवसर**
कम्पनी:- Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति:-२०७९।१२।५ चलानी नं. ६०१९७८३५ LT.No. 282274 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 8 | काममा दक्ष | 850 | १,२४,०८३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

अन्तर्वार्ता २०८१ श्रावण १३ गते (28 July, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भाबना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
Apps Services Pvt.Ltd.
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## मोना कतारद्वारा गलेश्वर धामका ज्येष्ठ नागरिकलाई फर्निचर सहयोग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ४ साउन

म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले म्याग्दीको बेनी नगरपालिका-९, प्रसिद्ध धार्मिक स्थल गलेश्वर धाममा बस्ने ज्येष्ठ नागरिकलाई फर्निचर सहयोग गरेको छ । गण्डकी प्रदेश समन्वय परिषद् कतारले प्रदेश मातहतका जिल्लाहरूलाई अतिआवश्यक क्षेत्रमा सहयोग गर्ने उद्देश्यले उपलब्ध गराएको ५० हजार रुपैयाँबाट ज्येष्ठ नागरिकलाई लक्षित गरी निर्मित सभा हलमा सोफा सेट, २६ थान कुर्सी र कार्यक्रम सञ्चालनका लागि पोडियम हस्तान्तरण गरिएको छ ।

बेनी नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष चक्रबहादुर केसीले ज्येष्ठ नागरिक आश्रमका अध्यक्ष बमबहादुर पुनलाई सामग्री हस्तान्तरण गरेका थिए । कतारमा रहेका म्याग्देलीको साझा संस्था मोनाले ज्येष्ठ नागरिकलाई बसाइँमा सहज तथा सभा हलमा आवश्यक फर्निचर खरिद गरी हस्तान्तरण गरेको मोना कतारका अध्यक्ष राजु पौडेलले बताए । सहयोग हस्तान्तरण कार्यक्रममा मोना कतार बहुउद्देश्यीय अक्षय कोषका कार्यसमिति सदस्य बालकृष्ण खत्रीले मोना कतारमार्फत म्याग्दीमा भएका सहयोगका बारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा गलेश्वर क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मी,गलेश्वर पुलस्त्य पुलह अन्न क्षेत्रका अध्यक्ष ज्ञानेन्द्रप्रसाद सुवेदीलगायतले मन्तव्य राखेका थिए । गण्डकी प्रदेश समन्वय परिषद् कतारका अध्यक्ष सागर पौडेलले म्याग्दी जिल्लाका वृद्धवृद्धालाई सहयोग गर्ने अवसर दिने मोना कतारलाई धन्यवाद ज्ञापन गरे । म्याग्दीमा मोना कतारले वर्षेनी विभिन्न कार्यक्रममार्फत आवश्यक सहयोग गर्ने गरेको छ ।

## एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान



**राजकुमार के.सी./मध्यान्ह**
मकवानपुर, ४ साउन

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र युनियन (क्रान्तिकारी) मनहरी गाउँपालिका समितिले २०८० सालको एसईई परीक्षामा गाउँपालिकाको विभिन्न विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीलाई सम्मान गरेको छ ।

शुक्रबार बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा मनहरी गाउँपालिकाका बिद्यालयहरुबाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरिएको हो । कार्यक्रममा विद्यार्थीहरुलाई सम्मान गर्दै सामाजिक विकास मन्त्री मोक्तानले विद्यार्थीहरु भविष्यको कर्णधार भएकोले अध्ययनमा विशेष ध्यान दिन आग्रह गरिन् । मन्त्री मोक्तानले समाजको सकारात्मक विकास गर्न विद्यार्थीको महत्वपूर्ण भूमिका हुने बताइन् ।

सम्मान कार्यक्रममा मनहरी गाउँपालिकाका विभिन्न विद्यालयबाट एसईई परीक्षामा सहभागी भइ उत्कृष्ट नतिजा ल्याउने १ सय १२ जना विद्यार्थीलाई सम्मान गरिएको थियो ।

सम्मान कार्यक्रमका विशेष अतिथि नेकपा माओवादी केन्द्रिय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज बिजय गौतमले विद्यार्थीको उच्च शिक्षा अध्ययनका लागि यस्तो सम्मान कार्यक्रमले थप प्रेरणा मिल्ने बताए । कार्यक्रममा नेकपा माओवादी केन्द्र मकवानपुर जिल्ला संयोजक भीम पाख्रिन, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, नेकपा माओवादी केन्द्र मकवानपुर सचिव बिर बहादुर घलान(ज्वाला), बागमती प्रदेश कमिटी सदस्य तथा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगर, जेष्ठ कम्युनिस्ट मञ्च केन्द्रीय सदस्य रामहरि सुबेदी, जनप्रतिनिधि वडा अध्यक्ष राजकुमार पाख्रिन, प्रकाश थापा, अखिल (क्रान्तिकारी) बागमती प्रदेश कमिटी सचिव रामकृष्ण शिवाकोटी, अखिल (क्रान्तिकारी) केन्द्रीय सदस्य राजेन्द्र मोक्तान, अखिल (क्रान्तिकारी) मकवानपुर जिल्ला कमिटी अध्यक्ष बुद्धराज अर्याल, उपाध्यक्ष दिपक वाइवा, सचिव छोइसाङ लामा, सहसचिव विजन लटौंला, कोषाध्यक्ष अनिल बसेल, वाईसिएल हेटौंडा ५ का अध्यक्ष हरि ढकाल, अखिल क्रान्तिकारी जिल्ला सदस्य प्रचण्ड बैजु, पुष्पा सुनार, विशाल जिम्बा र आयुष ठकुरी लगायतको आतिथ्यता रहेको थियो । अखिल क्रान्तिकारी मनहरी गाउँ कमिटीका अध्यक्ष प्रकाश मिजारको अध्यक्षतामा सम्पन्न कार्यक्रम सचिव सन्दिपा अर्यालले सञ्चालन गरेकी थिइन् ।

### कपिलवस्तुको कन्चनिया पुल अलपत्र

# करोडौं लगानी नागरिकलाई सास्ती

**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु, ४ साउन



कपिलवस्तुको सितलापुर-लालपुर जोडने कन्चनिया पुल निर्माण कार्य अलपत्र परेको छ । शिवराज नगरपालिका वडा नम्बर-१० मा पर्ने कन्चनिया खोलामा विगत ५ बर्षदेखि पुल निर्माण कार्य अलपत्र परेको हो । सरकारकले करोडौं लगानी गरेपनि ठेकेदारको लापरवाहीका कारण निर्माण कार्य अलपत्र परेपछि स्थानीय नागरिकलाई सास्ती हुने गरेको अस्लम मनिहारले गुनासो गरे ।

उनले भने,'मेरो घर सितलापुर हो, लालपुर कार्यालय हेल्थपोष्ट छ । त्यहाँको सेवा सुविधा लगायत हात बजार जान बर्षातको मौसमा समस्या हुने गरेको छ ।' ठेकेदारको लापरवाहीले समयमा काम हुन नसक्दा नागरिकलाई समस्या हुने गरेको स्थानीय बताउँछन् । अर्की स्थानीय इन्द्रवती कुर्मीले खोलामा पुल निमार्ण नहुँदा आवतजावत गर्न सास्ती भएको बताइन् । यस्तै विद्यार्थी अमृत यादवले खोलामा पुल निमार्ण कार्य समयमै सम्पन्न नभएपछि आफूहरुलाई विद्यालय वारपार गर्न असहज भएको जनाए ।

स्थानीय अगुवा नेता रविदत्त मिश्रले वर्षौदेखि अलिपत्र पुल यथाशीघ्र बन्नुपर्ने बताए । विजयनगर गाउँपालिकादेखि बुद्धभूमि नगरपालिका जोड्ने पुलको निर्माण कार्यमा ढिलासुस्ती हुनु विडम्बना भएको उनले जनाए । ठेकेदारले समयमै काम नगर्दा नागरिकलाई असहजता भएको बताउँदै निर्माण कार्य सञ्चालन गरेमा स्थानीयले समेत सहयोग गर्ने उनको भनाइ छ । दिनहुँ हजारौं यात्री सयौंको सवारी साधन गुड्ने खोलामा समयमै निर्माण कार्य सम्पन्न नभएपछि आवत-जावतमा समस्या भएको शिवराज नगरपालिका वडा नम्बर १० कि वडा अध्यक्ष मञ्जु मिश्रले बताइन् ।

हुलाकी राजमार्ग योजना कार्यालय कपिलवस्तुका इन्जिनियर पवित्रमणी आचार्यले समयमै काम गर्ने ठेकेदारलाई प्रोत्साहन गर्दै निर्माण कम्पनीलाई समयमै काम सकाउन गर्न समेत आग्रह गरे । सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नगरेको खण्डमा निर्माण व्यवसायीलाई कानूनी दायरामा ल्याइ ठेक्का रद्द गर्ने बताए । पुलको निमार्ण कार्य २०७६ फागुन १८ गते सम्झौता भएर २०७९ भदौ १६ गते सम्पन्न गर्ने गरी ८ करोड ९८ लाख १६ हजारमा सिरुवा कन्स्ट्रक्सन प्रा.लि.ले जिम्मा पाएको थियो । पुलको लम्बाई ४१ मिटर, ११ मिटर चौडाई रहेको हुलाकी कार्यालयले जनाएको छ ।

यता कन्स्ट्रक्सन प्रा.लि.का सञ्चालक सन्तोष ढुंगानाले सम्झौता अनुसार निर्माण काम गर्न नसकेको स्वीकार गरे । काम सुरु भएको बेला कोभिड, आर्थिक मन्दी, मेट्रियल, लगायत अभाव, सरकारी भुक्तानी जस्ता समस्याका कारण समयमै काम गर्न नसकेको उनी बताउँछन् । पुनः कार्य शुरु भइ सकेको बताउँदै समयमै काम सम्पन्न गर्ने प्रतिबद्धता जनाए । सार्वजनिक खरिद ऐन १३औं नियमावली संशोधन अनुसार २०८१ माघ १६ गते पुनः सम्झौता भइ निर्माण कार्य शुरु भएको उनको भनाइ छ ।

### बुटवल सडकको प्रगति

# ८८ प्रतिशत बजेट खर्च

# गोलपार्क सडकको ठेक्का रद्द

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
बुटवल, ४ साउन



बुटवल सडक कार्यालय रुपन्देहीले आर्थिक वर्ष २०८०/८१ मा ८८ प्रतिशत बजेट खर्च गरी उत्कृष्टको सूचीमा पर्न सफल भएको छ ।

बुटवल सडकमा गएको वर्ष ९४ करोड बजेट विनियोजन भएकोमा सो बजेटमध्ये ८२ करोड बजेट खर्च गरी उत्कृष्ट काम गर्ने सडकको सूचीमा पर्न सफल भएको छ । बुटवल सडकले अहिले आर्थिक वर्ष शुरु हुनासाथ कामलाई द्रुत गतिमा अगाडि बढाएको छ । बुटवल सडकले बुटवलको राजमार्ग चौराहादेखि गोलपार्कसम्मको सडक निर्माणको काम सात वर्षसम्म समय पाउँदा पनि पूरा नभएपछि निर्माण व्यवसायीको ठेक्का रद्द गरी नयाँ ठेक्का निकालिएको बुटवल सडकका सिनियर डिभिजन इन्जिनियर विसुनदास लामाले जानकारी दिए ।

बुटवलको मुख्य बजार क्षेत्रको साढे तीन किलोमिटर सडक सात वर्षअघि बिरुवा कन्स्ट्रक्सन जेभी प्रालिले ठेक्का पाएपछि सम्झौता गरी काम नगरी आलटाल गर्दै आएको थियो ।

बुटवलको चौराहादेखि गोलपार्कसम्मको ३.२५ किलोमिटर सडक ६ लेनमा विस्तारका लागि लामो समय ठेकेदारले अलपत्र पारेपछि त्यो ठेक्का रद्द गरेर नयाँ ठेक्काको आह्वान गरिएको सडकका सिनियर डिभिजन इन्जिनियर लामाको भनाइ छ । पुरानो निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगरेपछि त्यो ठेक्का तोडेर नयाँ ठेक्का आह्वान भएकोले अब कामले निरन्तरता पाउने अपेक्षा बुटवलबासीले गरेका छन् ।

काम नगर्ने जालझेल षड्यन्त्र गरेर बुटवलवासीलाई दुःख दिने निर्माण व्यवसायीको ठेक्का तोडिएपछि खुसी भएका बुटवलबासी यो सडक खण्डको निर्माणले अब बिना झन्झट गति लिनुपर्नेमा आशावादी भएको स्थानीय हिरा केसीले बताए । सडक डिभिजन कार्यालय बुटवलका डिभिजन इन्जिनियर लामाले सडक अलपत्र पार्ने ठेकेदारलाई कारबाही गरी उसको ठेक्का रद्द गरेर नयाँ टेन्डर आह्वान गरिएकोले बुटवलबासीको चाहना अनुसार काम गर्ने बताए ।

६ महिनाभित्र काम सक्ने गरी ५८ करोडमा यो सडकको पुनः टेन्डर गरिएकोले त्यस्तै स्पिडमा काम गर्ने निर्माण व्यवसायीले ठेक्का हालेमा काम छिटो हुने उनले दाबी गरे ।

२०६९ सालमा ४ लेनमा निर्माण भएको यो खण्डपछि ६ लेनमा विस्तार गर्ने योजना अघि बढेको थियो । उक्त योजना अनुसार ६ लेन सडकको काम शुरु भएर हालसम्म पूरा नहुँदा यस क्षेत्र अस्तव्यस्त रहेको भन्दै सडकको आलोचना हुने गरेको थियो । काम अलपत्र हुँदा दुर्घटनाको जोखिम बढेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका थिए ।

सडकको काममा हालसम्म करिब ३५ करोड रुपैयाँ खर्च भइसकेको लामाले बताए । तर, आधा पनि काम भएको छैन । मुख्य सडकमा हाल सामान्य लेभल मिलाउने डीबीएमको काम मात्रै भएको छ । मुख्य पिचको काम त शुरु भएकै छैन । यो सडकमा अन्तर्राष्ट्रिय स्तरको अस्फाल्ट पिच गर्ने योजना अनुसार काम हुने लामाले बताए ।

सुरुका केही वर्ष साइट क्लियर नहुँदा र मुद्दा मामिलाको झमेला हुँदा निर्माण कार्य प्रभावित भएको थियो । पछि यी सबै समस्या समाधान हुँदासमेत कामले गति लिन सकेन । सम्झौताअनुसार २०७६ असोज १२ गतेसम्म सक्नुपर्ने थियो तर, काम नभएपनि ठेकेदारले म्याद भने थपेको थपै गरेर अहिले ०८० चैत मसान्तसम्म पुऱ्याएको थियो । कञ्चनजंघा बिरुवा जेभी काठमाडौंले भ्याट तथा भेरिएसनसहित ५३ करोड ९७ लाख ९९ हजार चार सय ६७ रुपैयाँमा ठेक्का पाएको यो सडक पूरा गर्न सो कम्पनीसँग ०७६ सम्ममा सडक विस्तार सक्ने गरी १७ चैत ०७३ मा ठेक्का सम्झौता भएको थियो । तर, पटक-पटक म्याद थप्दासमेत सात वर्षसम्म विस्तार सम्पन्न नभएपछि डिभिजन सडक कार्यालय बुटवलले उक्त ठेक्का रद्द गरेपछि सबै भन्दा खुसी बुटवलबासी छन् । निर्माण कम्पनीले काम अलपत्र पार्नुका साथै दिएको निर्देशनसमेत बेवास्ता गरेपछि ठेक्का नै रद्द गरेर नयाँ टेन्डरको गरिएको इन्जिनियर लम्सालले बताए । वैशाख १३ गते ठेकेदारको ठेक्का रद्द गरिएपछि यो रोक्न अदालत गए पनि त्यहाँबाट अन्तरिम आदेश नआएपछि नयाँ टेन्डर आह्वान गरिएको हो ।

कार्यालयका अनुसार १२ असोज ०७६ मा निर्माण सम्पन्न गर्ने गरी सो सम्झौता भएको थियो । ठेक्का सम्झौताका वेला सडक कार्यालयमा पेस गरेको निर्माण कार्य तालिकाअनुसार काम नभएपछि वर्षौं बित्दा पनि कामले गति लिन सकेन । निर्माणाधीन साइटमा अवरोधदेखि कोभिड महामारीको प्रभावसमेत परेपछि पटक-पटक गरेर म्याद थप गरिएको थियो ।

हालसम्म आर्थिक प्रगति ५० दशमलव ७७ प्रतिशत तथा भौतिक प्रगति जम्मा ५४ प्रतिशत रहेको छ, पटक-पटक म्याद थप गर्दा पछिल्लो पटक ३१ असार २०८० मा काम सम्पन्न गर्नुपर्ने थियो, तर काम नै अलपत्र पार्ने काम भएपछि ठेक्का नै रद्द गरिएको छ ।

## दाङ जिल्ला अदालत नमुना अदालत बन्न सफल



**सपना बोहरा/मध्यान्ह**
दाङ, ४ साउन

दाङ जिल्ला अदालत नमुना अदालत बन्न सफल भएको छ । अदालतले शुक्रबार घोराहीमा पत्रकार सम्मेलन गरेर आर्थिक वर्ष २०८०/०८१ मा भए गरेका काम कारबाहीको वार्षिक समीक्षा गर्दै अदालतलाई नमुना जिल्ला अदालत बनाउन सफल हुनु मुख्य उपलब्धी भएको बताइएको छ । अठार महिना नाघेका मुद्दा फछ्र्यौट गरी वार्षिक कार्ययोजना बमोजिम लक्ष्यमा पुग्न सफल भएकाले नमुना जिल्ला अदालत बनाउन सफल भएको अदालतका न्यायाधीश मनोजकुमार श्रीवास्तवले बताएका छन ।

'आर्थिक वर्ष २०८०/०८१ मा दाङ जिल्ला अदालतले अठार महिना नाघेका मुद्दा शुन्यमा झारेको छ' पत्रकार सम्मेलनमा न्यायाधीश श्रीवास्तवले भने,'त्यसैको फल स्वरुप लक्ष्यमा पुग्न सफल भएको हो ।'

फरक मुद्दा व्यवस्थापन पद्धति कार्यान्वयन गर्न नमुना अदालतका रुपमा यस अदालत छनौट भएको उनले बताए । विगत वर्षहरु भन्दा यस वर्ष कार्ययोजनाको लक्ष्य अनुरुप मुद्दा दर्ता भएको र फछ्र्यौट पनि सोही अनुरुप देखिएको उनले बताए ।

'अदालतमा पुराना मुद्दालाई प्राथमिकतामा राखेर पेशी चढाइ फछ्र्यौट गर्ने गरिएको थियो,जसले गर्दा पुराना मुद्दा फर्छ्यौट गर्न सहज भएको थियो' उनले भने ।

दाङ जिल्ला अदालतमा विगतका आर्थिक वर्षका २,०६७ मुद्दा जिम्मेवारी सर्दै आएका र आर्थिक वर्ष २०८१ असार मसान्तसम्म दर्ता भएका मुद्दा ५,५०४ समेत गरी ३,६१० वटा मुद्दा फछ्र्यौट गरिएको छ । १८९४ वटा मुद्दा फैसला हुन बाँकी रहेको अदालतले जनाएको छ ।

दाङ जिल्ला अदालतमा सम्बन्ध विच्छेद मुद्दा दर्ता धेरै हुने गरेको छ । अदालतमा दर्ता हुने अन्य मुद्दाको तुलनामा सम्बन्ध बिच्छेदका मुद्दा दर्ता धेरै हुने गरेको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

पछिल्लो एक वर्षमा अदालतमा एक हजार दुइ सय पन्ध्र सम्बन्ध विच्छेदको मुद्दा दर्ता भएको अदालतका श्रेस्तेदार दामोदर घिमिरेले जानकारी गराएका छन् । त्यसमध्ये ९ सय ७५ वटा मुद्दा फछ्र्यौट भएका छन् भने दुई सय ४० वटा मुद्दा फैसला हुन बाँकी छन् ।

त्यसैगरी श्रेस्तेदार घिमिरेका अनुसार अंशका पाँच सय ९९ वटा मुद्दा दर्ता भएका छन् भने त्यस मध्ये ३ सय ४९ वटा मुद्दा फछ्र्यौट भएका छन् । दुई सय पचास वटा मुद्दा फैसला हुन बाँकी छन् ।

त्यसैगरी ६ सय तीस वटा चेक अनादरको मुद्दा दर्ता भएका छन् भने तीन सय ६५ वटा मुद्दा फछ्र्यौट भएको र दुई सय ६५ वटा मुद्दा फैसला हुन बाँकी रहेको छ । अदालतमा तीन सय ३७ वटा जालसाज र किर्तेको मुद्दा दर्ता भएका मध्ये दुई सय पाँच वटा मुद्दा फछ्र्यौट भएका छन् भने एक सय ३२ वटा मुद्दा फैसला हुन बाँकी रहेको घिमिरेले जानकारी गराए ।

त्यसैगरी दुई सय २८ वटा जबरजस्ती करणीका मुद्दा दर्ता भएका छन् । त्यसमध्ये एक सय ४३ वटा मुद्दा फछ्र्यौट भएका छन् भने ८५ वटा मुद्दा फैसला हुन बाँकी छन् । त्यस्तै एक सय चौबिस वटा ज्यान सम्बन्धी मुद्दा दर्ता भएका छन् । त्यसमध्ये ७३ वटा मुद्दा फछ्र्यौट भएको र ५१ वटा मुद्दा फैसला हुन बाँकी रहेको श्रेस्तेदार घिमिरेले वताए । त्यसैगरी लिखित बदर, लागुऔषध, सवारी ज्यान र अंगभंग, चोरी तथा डाँका बहुविवाह, बालविवाह, मानव बेचबिखन लगायतका मुद्दा अदालतमा दर्ता भएका मुद्दा मध्ये आधा बढी फैसला भइसकेको उनले बताए ।

अदालतमा न्यायाधिश र कर्मचारीको समवन्यका कारण छिट्टो समयमा धेरै सेवा प्रवाह गरेको उनको भनाइ छ । अदालतमा ६ जना न्यायाधिशको दरबन्दी रहेकोमा चार जना न्यायाधिश छन् । एक जना काजमा र एक जना दरवन्दी खाली रहेको पनि श्रेस्तेदार घिमिरेले बताए ।

## कतारमा बृहत् रक्तदान सम्पन्न



**दोहा/मस**–नेपाली राजदूतावास कतार, एनआरएन एनसीसी कतार र नेपाली रक्तदाता संघ कतारको समन्वयमा कतारमा स्थापित पाँच दर्जन भन्दा बढी नेपाली संघ-संस्थाको संयुक्त आयोजनामा 'बृहत् रक्तदान कार्यक्रम' सम्पन्न भएको छ ।

शुक्रबार बिहान ८ बजेदेखि नेपाली दूतावासको सभा-हलमा शुरु भएको रक्तदान कार्यक्रम एनसीसीका महासचिव रबिन मगरले रक्तदान गर्दै शुभारम्भ गरेका थिए ।

कार्यक्रममा १ सय ४७ जनाले रक्तदान गर्नको लागि नाम टिपाए पनि जम्मा १ सय ११ जनाले रक्तदान गरेका थिए भने ३६ जनाले विभिन्न कारणले रक्तदान गर्नबाट वञ्चित रहेका थिए ।

कार्यक्रममा प्रवासी नेपाली मञ्च कतारको सातौं अधिवेशनलाई सम्बोधन गर्न कतार आइपुगेका नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष, नेपाल सरकारका पूर्व उपप्रधान तथा रक्षा मन्त्री इश्वर पोखरेल, नेपाली दूतावास कतारका प्रथम सचिव कृष्ण कुमार सुवेदी, मञ्चका अन्तर्राष्ट्रिय कमिटी अध्यक्ष सञ्जय थापा, एनसीसी कतारका अध्यक्ष रमेश भट्ट लगायत कतारमा स्थापित संघसंस्थाका प्रतिनिधि तथा रक्तदाताहरूको उपस्थिति रहेको थियो ।



एक अभियन्ताबारे चर्चा

# जसले मुस्लिम समाजमा बाले शिक्षाको दियो

निजाम खानको सामाजिक जीवन वैयक्तिक जीवनमाथि हाबी थियो । आफ्नो नीजि निवासभन्दा महत्वपूर्ण उनका लागि उनले स्थापना गरेको मदरसा (जामिया इस्लामिया) रहेछ । गुलजार मात्र होइन, अरूको पनि यस्तै बुझाइ रहेको छ । निजाम खानलाई विराटनगरको मुस्लिम समाज यस शताब्दीकै 'रिफर्मर' ठान्दछन् ।



■ मोहम्मद जाकिर हुसैन



पूर्वी नेपाली मुस्लिम समाजका अति नै आदरणीय व्यक्तित्व, मुस्लिम समाजको रिफर्मर नै भन्न सकिने निजाम खान आफैँमा इतिहास हो । खानको जीवनी खोतल्ने कार्य हुने नै छ । तत्काललाई उनीसँगको अनुभूति संक्षिप्तमा व्यक्त गर्ने प्रयास गरिएको छ । यसले पनि उनीलाई चिन्न र बुझ्न सहज बनाउँछ । निजाम खानको सामाजिक जीवन वैयक्तिक जीवनमाथि हाबी थियो । आफ्नो नीजि निवासभन्दा महत्वपूर्ण उनका लागि उनले स्थापना गरेको मदरसा (जामिया इस्लामिया) रहेछ । गुलजार मात्र होइन, अरूको पनि यस्तै बुझाइ रहेको छ । निजाम खानलाई विराटनगरको मुस्लिम समाज यस शताब्दीकै 'रिफर्मर' ठान्दछन् ।

४० को दशकको उत्तरार्धमा जब उनले सरौचियामा माध्यमिक स्तरको आधुनिक पाठ्यक्रमसमेतको मदरसाको परिकल्पना गरे त्यति बेला नेपालका सबैजसो मदरसाहरूमा परम्परागत पाठ्यक्रम नै पठनपाठन हुने गर्थ्यो । विराटनगरजस्तो महानगरीमा उनी, डा. गफुर, हाजी मोतिउल्लाहजस्ता शिक्षा प्रेमीहरूले जब यस मदरसाको जग राखे तब विराटनगरमै पनि एकथरिका मानिसहरूले यसको विरोध गरे; यसको औचित्यलाई चुनौति दिने अभिव्यक्ति दिए । दूर दृष्टि लिएर कम्मर कसेका उनी प्रमुख अभियन्ताको रूपमा आधुनिक मदरसाको जगलाई हल्लन दिएनन् । मदरसाका मौलाना साहबहरूको दैनिक खाना टिफिनमा घर-घरबाट आउँथ्यो । प्रखर धर्मवेत्ता मौलाना सुलैमान कासमी दिनहुँ जसो मुस्लिम व्यापारीहरूको पसल पसल पुगी चन्दा सङ्कलन गर्दथे । बिस्तारै जामिआ इस्लामियाको उन्नति हुँदै गयो । विराटनगरमा यो मुस्लिम समाजकै लागि वैकल्पिक शैक्षिक केन्द्र बन्न पुग्यो । यसपछि उनको विरोध गर्नेहरू पनि उनीप्रति श्रद्धाभाव देखाउन थाले । यो सम्भवतः नेपालको पहिलो लटको आधुनिक पाठ्यक्रमसमेतको माध्यमिक स्तरको मदरसा बन्न पुग्यो, जहाँ नेपाल सरकारले लागू गरेको पाठ्यक्रमअनुसार नै पठनपाठन हुने गर्दछ ।

गुलजारको अभिव्यक्ति सरल त छ तर, त्यसभित्र निजामुद्दीन खानको सजीव चित्रण भएको छ । उनले जामिया स्थापना गरेपछिका जीवनका महत्वपूर्ण पलहरूलाई जामिआको संरक्षण, सम्बर्द्धन र उन्नतिमा उत्सर्ग गरेका छन् । निकै आर्थिक आरोह-अवरोह झेलेर पनि उनले जामिआलाई केन्द्रमा राखे ।

२०४७ सालतिर इटहरी (पकली) का जिया हुसैन, स्व. इबराहीम हुसैन र स्वयम् पङ्क्तिकार तीन जना विराटनगरको महेन्द्र मोरङ बहुमुखी क्याम्पसमा अध्ययनरत थियौँ । केही अन्य मुस्लिम विद्यार्थीहरू पनि सोही क्याम्पसमा अध्ययनरत थिए । बिस्तारै चिनजान भयो । हामी जनपद पिचडातिर कोठा बहालमा लिएर बसेका थियौँ । हामी सबै विपन्न परिवारका विद्यार्थी थियौँ । कुनै विद्यार्थीमार्फत निजाम खानलाई हाम्रो बारेमा जानकारी प्राप्त भयो । हामीलाई बोलाउन लगाए । इस्लामी संघले सञ्चालन गरेको होस्टलमा बहाल नतिर्ने गरी बस्ने बन्दोबस्त मिलाएदिए । पछि केही छात्रवृत्ति पनि दिलाइदिए । होस्टेलमा हामीभन्दा सिनियर डा. मोअज्जम, अब्दुल सत्तार, जैनुद्दीन, शमीमहरू थिए भने अरू समकक्षीहरू थिए । १०-११ जना थियौँ । तिन टोलियामा थियो होस्टल । यसको निगरानी उनै निजाम खानले गर्थे । उनले सबै विद्यार्थीलाई नियन्त्रित गरी अनुशासित बनाउँदै, इस्लामी आचार सिकाउँदै शैक्षिक दिशानिर्देश गर्थे । उनले कलेजमा अध्ययनरत सबै मुस्लिम विद्यार्थीहरूलाई एकत्रित गर्ने प्रयास गरे । तर, मुस्लिमहरू मात्रलाई एकत्रित गरेता पनि उनले जहिले पनि मिश्रित समाजमा एकता कायम राखी आदर्श मानव बन्ने प्रशिक्षण दिए ।

अल्पसंख्यकको रूपमा रहेको मुस्लिम समाजका अगुवाले आफ्नो समुदायका युवा तथा विद्यार्थीको उत्थान र विकासका लागि काम गर्नु गलत पक्कै पनि होइन तर, सँगसँगै सद्भाव, सहअस्तित्व, भाइचारा र मानवताको शिक्षा दिनुलाई प्राथमिक कर्तव्य बनाउनु पर्छ । हो, यो हेक्का निजाम खानमा थियो । यही कारण थियो कि खानका धेरैजसो परम मित्रहरू गैर मुस्लिम थिए । सबैबिच उनी सम्मान र आदरका पात्र थिए ।

पङ्क्तिकार नेपाली काँग्रेसको पकली (हाल इटहरी) को सक्रिय नेताको भूमिकामा थिएँ । २०४६ सालको जनआन्दोलनमा पकली एरियाको प्रमुख आन्दोलनकारीहरूमध्ये थिएँ । २०५४ सालको स्थानीय निर्वाचनमा स्वयम् पङ्क्तिकार पकली गाविसको उपाध्यक्षमा चुनाव लडेँ । चुनावको एक हप्ता बाँकी रहँदा निजाम खानले कुनै न कुनै माध्यमले प्रत्येक दिन मेरो बारेमा खोजीनिती गरे । अर्थात्, जसलाई उनले प्रशिक्षित गरिरहे, त्यसको एक एक गतिविधिमाथि उनको दृष्टि रहने गर्थ्यो । उनले चुनावमा जीतको आशा राखेका थिए ।

पंक्तिकारको गाउँ पकलीसँग निजाम खानको विशेष लगाव थियो । उनी युवावस्थामा हुँदाखेरि पकली, बकलौरीका हाटहरूमा कपडा बेच्न आउने गर्थे । पकलीमा उनका नातेदारहरू पनि छन् । कहिलेकाहीँ उनी पकलीमै बस्ने गरेको पुरानो कथा सुनाउँथे हामीलाई ।

पंक्तिकारको गाउँमा टिनको छाना भएको निकै जीर्ण अवस्थाको सानो झुप्रो मस्जिद थियो । जिया र पंक्तिकारले मस्जिद बनाइदिन आग्रह गरेको केही दिनभित्र उनी हाम्रो गाउँ पुगेर मस्जिद बनाउने जग्गा नापेर गए र केही समयपछि मस्जिद निर्माण कार्य सुरु भयो । छेउमा मजरा टोल पनि देखायौँ । केही समयपछि त्यहाँ पनि मस्जिद बनाइदिए । निजाम खान काम गर्ने ठाउँमा काम गर्न आतुर देखिन्थे । कामप्रति उनको समर्पण भाव हुने गर्थ्यो । यही नै उनको सामाजिक जीवनको सफलताको कारण पनि थियो ।

उनले नेपाली राजनीतिको ताजा जानकारी राख्थे । उनी कहिल्यै कुनै राजनीति कर्ममा लागेनन् र कुनै दलको सदस्य पनि भएनन् । तर, उनको सामाजिक कार्यले सबै दलका नेताहरूसँग उनको राम्रो सम्बन्ध रहने गर्थ्यो । स्वयम् पङ्क्तिकार संविधानसभा सदस्य रहेको बेला हरेक भेटमा उनले राजनीतिक परिस्थितिबारे गहन छलफल गर्दथे । उनमा नेपाली राजनीतिको उच्च सुझबुझ थियो । उनले देशको दयनीय स्थितिबारे समेत सचेत चिन्ता गर्थे । वास्तवमा भन्ने हो भने उनी एक राम्रो राजनीतिक विश्लेषक पनि थिए ।

सेवाभावको उच्चतम प्रयोगको आदर्श व्यक्तित्व थिए, निजाम खान । दुहबी-छाताबेलीका मौलाना गुलाम रसूल फलाही उनका निकै निकटतम साथी थिए । मौलाना गुलाम रसूल फलाही इस्लामी संघको संस्थापक महासचिव र पटक-पटक केन्द्रीय अध्यक्ष रहिसकेका सर्वाधिक सिनियर व्यक्तित्व हुन् ।

ठूला-साना सबैको इज्जत गर्ने निजाम खानले सबैबाट इज्जत र सम्मान पनि पाएका थिए ।

पश्चिम नेपालको पहाडी जिल्ला पाल्पाको रामपुर बस्तीको शैक्षिक, सामाजिक र आर्थिक जीवनमा जुन सुनौलो परिवर्तन आएको छ, त्यो पनि निजाम खानको दुरदृष्टिको उपज हो । त्यसैले, यस विषयमा चर्चा गरिएन भने उनको जीवन गाथा नै अपूरो रहने छ । २०४७-०४८ सालतिर उनले अति दुर्गम, पछौटेपनको अवस्थामा रहेको रामपुरलगायत तनहुँसमेतका लगभग दुई दर्जन बालबालिकालाई पढाइका लागि विराटनगर ल्याए । त्यसमा एक जना मात्र चार वर्षका इस्माइलको निर्दोष बालापन आज पनि झल्झल्ति याद आउँछ । उनले ती साना-साना बच्चाहरूलाई जामिआ इस्लामियाको होस्टलमा राखेर सबै किसिमका निःशुल्क सहुलियत उपलब्ध गराएर पढाएका थिए । त्यस कालमा पहाडी जिल्लाका मुस्लिमहरूको आर्थिक, सामाजिक र शैक्षिक अवस्था निकै दयनीय हुनेगर्थ्यो ।

उनीहरूमा धर्मको नाममा पनि धेरै विकृतिहरू विद्यमान थियो । ती बच्चाहरूलाई भेट गर्न त्यति टाढाबाट अभिभावकहरू आउने गर्थे तर, बच्चाहरूले २-३ वर्षपछि मात्र घर जान अल्प अवधिको बिदा पाउँथे । निजाम खानको यो प्रयोग अप्राकृतिक अवश्य थियो तर, त्यस बस्तीको तत्कालिक अवस्थामा उनले यसो नगरेको भए कुनै बच्चा पढ्न पाउने थिएनन्; एक/एक गरी सबै भाग्ने थिए । उनको त्यो दुरदृष्टिले खास गरी रामपुरमा ठुलो सामाजिक र शैक्षिक क्रान्ति गर्‍यो । धर्मको नाममा रहेका विकृतिहरू निर्मूल हुँदै गए । यसले त्यहाँको मुस्लिम समाजको जीवनशैली र आर्थिक अवस्थालाई नै बदलिदियो । आज पाल्पाको त्यस रामपुर बस्तीमा हिजोका तिनै बालकहरूले शिक्षाको जुन बिगुल फुकेका छन्, त्यसले एउटा नमुनाकै रूप धारण गरेको छ । हिजोको दुर्गम, पिछडा रामपुर बस्तीको मदरसामा आज तराईबाट मानिसहरूले आफ्ना बच्चाहरू पढ्न पठाउँछन् । रामपुर परिवर्तनको श्रेय उनीमाथि नै जान्छ ।

रामपुरका मुसलमानहरू निजाम खानलाई निकै आदर गर्छन् । उनको नाम आउँदा रामपुरवासीहरूको शिर श्रद्धाले झुक्दछ । आज उनी छैनन् । श्रद्धाले भक्कानिएर यति भन्न सकिन्छ, 'इन्न लिल्लाहि व इन्न इलैहि राजिऊन ।'

*(नेपाली मुस्लिम समाजको विषयमा अध्ययन अनुसन्धानमा सक्रिय लेखक हुसैन पूर्वमन्त्री हुन् ।)*

## कविता : प्रतिलिपि देखिन्छन् अनेक



इन्द्रकुमार श्रेष्ठ 'सरित्'

हरेक गल्ली र मोडहरूमा
भेटिन्छन् पुराना अनि नयाँ ढँटवारेहरू
कोही पुराना पहिरनमा त कोही नयाँ पहिरनमा
फरक छैन अभिनयमा
नयाँपन छैन तिनको प्रस्तुतिमा
तैपनि दर्शक भुलाउँन खोज्छन्
जसरी पनि आफ्नो दूनो सोझ्याउँन खोज्छन् ।
यिनले आफ्नो दूनो सोझ्याइरहे
दुहुनो गाईले झैं हामीले मतरुपी दूध दिइरह्यौं
तैपनि हामीले कहिल्यै चेतेनौ
तेरो अभिनय अर्थहीन भयो भन्ने
आँट पनि हामीले कहिल्यै गरेनौं ।
अभाव, असहमती र असन्तुष्टिलाई सधैँ सहिरह्यौ
अर्को कुशल कलाकार खोज्ने
जाँगर पनि कहिल्यै देखाएनौ ।
समय बितिरह्यो
ढँटुवारेका प्रतिलिपिहरू मञ्चमा आइरहे
एकपछि अर्को आइरहेकै छन्
उनीहरूले हँसाए हामी हाँसीदियौँ
नचाए मज्जाले नाचिदियौँ
आफ्नो बुद्धि र विवेक ढँटवारेलाई सुम्पेर
बुख्याँचा झैं ठिङ्ग उभिरह्यौं
दुनियाँलाई मूर्ख बनाउँदै
ढँटवारेहरूले कति-कति नयाँ नाटक गर्छन्
ढँटवारेको काम भन्नु नै नाटक देखाउँनु हो
कसैको हित गर्नु हैन, प्रगति गर्नु हैन
सुख ल्याएर समृद्धिको ढोका खोल्नु त पटक्कै हैन
यो बुझेर पनि हामीले किन बुच पचाइरहेका छौ ?
धेरै भयो ढँटवारे र तिनका प्रतिलिपिहरूले
नाच, नाटक र अभिनय भन्दै
जनताको आँखामा छाप्रो हाल्ने काम गरेको
त्यसैले भो,
अब नाटक हैन काम गर नक्कली मयूरहरू !
तिमीहरूले नै नाच्दै नाटक देखाउँदै गर्दा
थिलथिलो भएको नाटक घरलाई
मर्मत सम्हार र रङ्गरोगन गर ।

## चार मुक्तक



धनराज गिरी

१.
कलाकार हामी कला जिन्दगानी
सखा आज हाम्रो न आगो न पानी
गरी कर्म राम्रो गए धेर मान्छे
उही मार्ग जाने भुली बेइमानी ॥

२.
उसले किन त्यसो गर्‍यो गरिँदैन बोध
भनिदिने हल्का फुल्का थियो प्रतिशोध
बिना शोध तत्वबोध हुन्न दुनियाँमा
क्रियापछि प्रतिक्रिया कुरूप विरोध ॥

३.
विरेचन हो यो लेखनी उपक्रम हो जिउने
आफैं च्यात्ने जीवनवस्त्र आफैं फेरि सिउने
कति तृष्णा जिन्दगीमा निस्सीम अनुभूत
फेला परे प्रेमसिन्धु आँखा चिम्ली पिउने ॥

४.
छत्तीस पटक बाझाबाझ चौरत्तर मेल
यस्तो रह्यो जिन्दगीमा कांग्रेसको खेल
सान्दाजुको नाम लिन भोलि जम्मा हुने
मीठो मुछी उखानको पकाउने सेल ॥

# आमाको सम्झना

कथा



